सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

आदेश

०७९-WO-१३३७

विषयः उत्प्रेषणयुक्त परमादेश।

शारदा कडायत ........................................................................ निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय शितलनिवास, काठमाडौंसमेत ............................................ विपक्षी

यसमा निवेदनपत्र सहितको कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र भण्डारी तथा विद्वान् अधिवक्ताहरु श्री इन्द्रप्रसाद अर्याल, श्री त्रिलोकबहादुर चन्द, श्री बद्रीप्रसाद भुषाल, श्री ज्ञानेन्द्रराज आरण, श्री लक्ष्मी रेग्मी, श्री हरिप्रसाद पंगेनी, श्री रामचन्द्र पौडेल, श्री लोकेन्द्र सिंह धामी र श्री हरिबाबु श्रेष्ठले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी म्याद सूचना प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४ र ५ ले आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत तथा विपक्षी नं. ६ ले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै प्रस्तुत निवेदनको विषयवस्तुको गाम्भीर्यता समेतलाई विचार गर्दा, चाँडो किनारा हुनुपर्ने प्रकृतिको देखिँदा प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार गरी पेस गर्नुहोला।

प्रकाश राउत

न्यायाधीश

इति संवत् २०८० साल जेठ २३ गते रोज ३ शुभम्...........................................।